'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com

# नमस्ते कर्णाली

Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ | अंक : ८१ | आइतवार ०२ मंसिर, २०८१ | 17 (Sunday) November 2024 | पृष्ठ ४, | मूल्य रु : १०।-

## आज (आइतबार) स्थानीय तह उपनिर्वाचनको मनोनयन दर्ता हुँदै

नमस्ते समचारदाता

काठमाडौं, मंसिर/०१




यही मङ्सिर १६ गते हुने स्थानीय तह उपनिर्वाचनका लागि आज (आइतबार) मनोनयन पत्र दर्ता हुँदैछ। बिहान १० देखि अपराह्न ५ बजेसम्म सम्बन्धित स्थानीय तहमा स्थापना भएका निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारको मनोयन दर्ता हुने निर्वाचन आयोगका सहसचिव एवं प्रवक्ता नीता पोखरेल अर्यालले जानकारी दिइन् । आइतबार नै साँझ ५ देखि ६ बजेसम्म उम्मेदवारको सूची प्रकाशन हुनेछ । उम्मेदवारको मनोनय दर्ताको सम्पूर्ण तयारी पूरा भएको आयोगले जनाएको छ। उपनिर्वाचनका लागि शुक्रबार ३८ वटा निर्वाचन अधिकृतका कार्यलय स्थापना भएका छन् । उपनिर्वाचन हुने स्थानीय तहमा ३२ वटा मुख्य निर्वाचन अधिकृतको कार्यालय र छ वटा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको निर्वाचन आयोगले जनाएको छ । उपनिर्वाचन हुने सम्बन्धित स्थानीय तह तथा वडाको केन्द्र रहेको स्थानमा निर्वाचन अधिकृतका कार्यालय स्थापना गरिएको आयोगका प्रवक्ता अर्यालले जानकारी दिइन् । मङ्सिर ३ गते बिहान १० देखि अपराह्न ३ बजेसम्म उम्मेदवारको विरोधमा उजुरी दिने, सोही दिन अपराह्न ३ बजेपछि मनोनयपत्र र उजुरीमाथि जाँचबुझ एवं निर्णय गरी मङ्सिर ४ गते साँझ ५ देखि ६ बजेसम्म उम्मेदवारको नामावली प्रकाशन हुनेछ । मङ्सिर ५ गते बिहान ९ देखि अपराह्न १ बजेसम्म उम्मेदवारले नाम फिर्ता लिन सक्नेछन् । सोही दिन दिउँसो १ देखि ३ बजेसम्म अन्तिम नामावली प्रकाशन गरी दिउँसो ३ देखि ५ बजेसम्म उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिने छ । मङ्सिर १६ गते बिहान ७ देखि अपराह्न ५ बजेसम्म मतदान हुनेछ । विभिन्न कारणले स्थानीय तहमा रिक्त जिल्ला समन्वय समितिका प्रमुख दुई, गाउँपालिका अध्यक्ष दुई, उपाध्यक्ष चार, नगरपालिका प्रमुख र उपप्रमुख एक/एक र वडाध्यक्ष ३४ गरी जम्मा ४४ रिक्त पदमा निर्वाचन हुँदैछ । निर्वाचन आयोगका अनुसार ओखलढुङ्गा र कैलालीका जिल्ला समन्वय समिति प्रमुख, काठमाडौँको कीर्तिपुर नगरपालिकाका प्रमुख, जाजरकोटको नलगाड नगरपालिकाका उपप्रमुख, मोरङको ग्रामथान गाउँपालिका र दैलेखको महाबु गाउँपालिका अध्यक्ष तथा दोलखाको गौरीशङ्कर गाउँपालिका, रुकुम पूर्वको पुथा उत्तरगङ्गा गाउँपालिका, हुम्लाको सर्केगाड गाउँपालिका र बाजुराको स्वामीकार्तिक खापर गाउँपालिकाका उपाध्यक्ष पदका लागि निर्वाचन हुनेछ । ताप्लेजुङको सिरिजङ्गा गाउँपालिका-३, झापाको कन्काइ नगरपालिका वडा नं ६, तेह्रथुमको लालीगुराँस नगरपालिका वडा नं ८, सुनसरीको गढी गाउँपलिका वडा नं ६, ओखलढुङ्गाको मोलुङ गाउँपालिका वडा नं ५, उदयपुरको त्रियुगा नगरपालिका वडा नं १२ र बेलका नगरपालिका वडा नं ९, सप्तरीको डाक्नेश्वरी नगरपालिका वडा नं १ र ४, धनुषाको धनुषाधाम नगरपालिका वडा नं १, महोत्तरीको रामगोपालपुर नगरपालिका वडा नं २, रौतहटको ईशनाथ नगरपालिका वडा नं ७, राजपुर नगरपालिका वडा नं ६ र गढीमाई नगरपालिका वडा नं ८ को वडाध्यक्ष पदका लागि निर्वाचन हुनेछ।

*बाँकी ३ पेजमा...*

## भेडा जुधाएर बहादुरी देखाउँछन्

नमस्ते समचारदाता

बाँके, मंसिर/०१



कात्तिक शुक्ल पूर्णिमाको अवसरमा बाँकेका विभिन्न स्थानहरुमा स्थानीय मेला सुरु भएका छन् । जानकी गाउँपालिका-५ बेलहरीस्थित गुरुवागाउँ मेलामा भेडा जुधाएर बहादुर देखाउने ऐतिहासिक परम्परा छ । गुरुवागाउँ मेलामा भेडा जुधाउनका लागि टाढा टाढाबाट समेत स्थानीयले दर्जनौं भेडा लिएर आउने गर्दछन्। भेडा जुधाइ केवल मनोरञ्जन र परम्परा जोगाउनुका साथै गाउँमा बहादुर भनेर चिनिनका लागि मात्र ल्याउने गरेको स्थानीय बताउँछन् । 'मैले मेलामा भेडा जुधाउन ल्याउने गरेको २० वर्षभन्दा बढी भयो, भेडा लडाउने एउटा सोख हो, परमपरादेखि यो चलन चल्दै आएको छ, बुढापाकाले चलाएको चलनलाई बचाएर निरन्तरता दिनका लागि हो' जानकी गाउँपालिका-६ का सर्नाम खाँले भने, । आफ्नो भेडाले जित्यो भने गाउँमा इज्जत बढ्छ, बहादुर भनेर सबैले चिन्छन् । नेपालगन्ज उपमहानगर पालिका-२२ पुरैनीबाट भेडा जुधाउन मेलामा आएकी साइना किन्नरियाले विगत चार वर्षदेखि निरन्तर मेलामा भेडा जुधाउन ल्याउने गरेको बताइन् । 'मैले चार वर्षदेखि लगातार यो मेलामा भेडा जुधाउन ल्याउने गरेको छु, आफ्नो भेडाले जित्यो भने सान हुन्छ, खुसी मिल्छ र भेडाको दाम समेत बढ्छ' साइनाले भनिन् । परापूर्वकालदेखि चलेको भेडा जुधाउने परम्परालाई अहिलेका नयाँ पुस्ताले पनि निरन्तरता दिइरहेको बताउँछन् स्थानीय बुढापाकाहरु । भेडा जुधाउन बाँकेका विभिन्न स्थानबाट मानिसहरु मेलामा आउने गरेका छन् । हरेक वर्ष एकसय भेडाको हाराहारीमा भेडाहरु एकापसमा जुधाउने गरिन्छन् । मेलामा भेडा जुधाइ बाहेक धार्मिक रामलिला नाटक मञ्चन, मनोरञ्जनात्मक कार्यक्रम नृत्य, भजनकृतन हेर्नुका साथै मन्दिरको दर्शन गर्ने र तलाउमा स्नान गर्नका लागि बाँके, बर्दिया, दाङ तथा भारतका विभिन्न स्थानका हजारौं दर्शनार्थी मेलामा आउने गरेका छन् ।

## रुकुमपश्चिममा बस दुर्घटना

नमस्ते समचारदाता

रुकुमपश्चिम, मंसिर/०१

रुकुमपश्चिमको आठविसकोट नगरपालिका वडा नम्बर ११ रिठा नजिकै बस दुर्घटना भएको छ । काठमाडौंबाट राडी तर्फ गइरहेको प्रदेश ३-०१-००५ ख ९९६६ नम्बरको बस शनिबार रिठा नजिकै दुर्घटना भएको हो । दुर्घटनामा परी आठ जना घाइते भएको आठविसकोट नगर प्रमुख रवि केसीले जानकारी दिनुभयो । बस सडकबाट करिब यस मिटर तल बिजुलीको पोलमा अड्किएको उहाँले बताउनुभयो । उहाँका अनुसार बिजुलीको पोलले बसलाई भेरी नदीमा खस्नबाट जोगाएको छ । उहाँका अनुसार घाइतेलाई उद्धार गरी उपचारको लागि आठ्बिसकोटस्थित नगर अस्पताल राडी लगिएको छ । बसमा ८ जना यात्रु मात्र रहेको बुझिएको छ । एक जना पोखराबाट आएका यात्रु र बाँकी सबै मुसिकोट लगायतका ठाउँबाट गएका लोकल यात्रु रहेको बुझिएको नगर प्रमुख केसीको भनाइ छ । थप विवरण आउन बाँकी रहेको छ ।

## देशभित्रै नयाँ सम्भावनाको खोजी गर्नुपर्ने : मन्त्री भण्डारी

नमस्ते समचारदाता

नेपालगन्ज, मंसिर/०१




नेपाल सरकारका उद्योग बाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारीले देशभित्रै नयाँ सम्भावनाको खोजी गर्नुपर्ने बताएका छन् । नेपालगञ्ज उद्योग बाणिज्य संघको ३२ र ३३औं साधारणसभालाई शनिबार नेपालगञ्जमा सम्बोधन गर्दै मन्त्री भण्डारीले देशभित्र थुप्रै त्यस्ता सम्भावनाका रहेको बताए । चुनौतीलाई सम्भावनामा बदल्नुपर्ने बेला आएको उनको भनाई छ । उद्योग व्यवसायले नयाँ अवसर खोजिरहेको भन्दै मन्त्री भण्डारीले अब नयाँ ढंगबाट सोच्नुपर्नेमा समय आएको बताए । मन्त्री भण्डारीले आयात प्रतिष्थापन गर्दै निर्यात प्रवर्द्धनमा सरकारको ध्यान केन्द्रित रहेको बताए । उत्पादन वृद्धि गर्दै निर्यात बढाउनु अहिलेको प्रमुख आवश्यकता रहेको मन्त्री भण्डारीको भनाई छ । बढ्दो व्यापार घाटा कम गर्दै जानुपर्ने हाम्रो सामु मुख्य चुनौती रहेको बताउँदै उनले उद्योगी-व्यवसायीमा देखिएका निराशा चिर्न सरकार प्रतिबद्ध रहेको बताए । बाँकेको बैजनाथ गाउँपालिका स्थित नौवस्ता औद्योगिक क्षेत्रको निर्माण कार्य यही महिनाभित्र अगाडि बढ्ने समेत बताए । मन्त्री भण्डारीले सो औद्योगिक क्षेत्रकालाई तारबार गर्ने र जमिन सम्याउने काम तत्काल सुरु हुने जानकारी दिए । साधारणसभाको उदघाटन शत्रमा लुम्बिनी प्रदेश सरकारका आन्तरिक मामिला तथा कानुन मन्त्री आदेशकुमार अग्रवाल, राष्ट्रिय सभा सदस्य युवराज शर्मा, प्रतिनिधिसभाका सांसद दीपा शर्मा, लुम्बिनी प्रदेशका सांसदद्वय कृष्णा केसी नमुना र मिना श्रेष्ठ, नेपालगन्ज उद्योग बाणिज्य संघका केन्द्रीय सदस्य अब्दुल वाहिद मन्सुरी लगायतको उपस्थिति थियो । नेपालगञ्ज उद्योग बाणिज्य संघका अध्यक्ष टंकबहादुर धामीको अध्यक्षतामा सम्पन्न भएको उदघाटन समारोहको सञ्चालन महासचिव भिम रानाभाटले गरेका थिए । अध्यक्ष धामी लगायत बक्ताहरुले नेपालगञ्जका व्यवसायीका कठिनाई, सीमा क्षेत्रमा व्यवसाय गरिरहँदा भोग्नुपरेका पीडा, नेपालगञ्जलाई राज्यले हेर्ने दृष्टिकोण, भन्सार नीति लगायत का विषयमा मन्त्री भण्डारीको ध्यानाकर्षण गराएका थिए ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवहान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.

सम्पर्क : कोहलपुर-११, बाँके

ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट

कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

**सत्यवाणी :**

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय

## नेपालबाट पूँजी पलायनको संभावना बढी छ

नेपालमा पैसा नै नभएर विकास भएन भन्नेहरु धेरै छन् । बैदेशिक ऋण ल्याएर सरकारले साधारण खर्च गर्दछ । ऋण ल्याएर ऋण तिर्दछ । बाहिर हेर्दा सोलोडोलो चरिरहेकै जस्तो अवस्था देखिए पनि आर्थिक रुपामा भित्र पसेर गहिरिएर हेर्ने हो भने नेपालको आर्थिक अवस्था नाजुक अवस्थामै छ । देशको अर्थतन्त्र यस्तो नाजुक अवस्थामा जानुमा प्रमुख तीन कारणहरु छन्। एक, देशमा उत्पादक र उत्पादनका क्षेत्र घटनु र पूँजी पलाएर हुनु । दोश्रो नेपालमा नेताहरुको जीवन शैली विलासी हुनु र त्यस्तो विलासीता भोग गर्न बिचौलियाको सहारा दिनु । तेश्रो हो नेपालका ठूला ब्यापारिक घराना र प्राइभेट बैकहरुले पूँजी नियन्त्रण गर्नु । जब देशको सरकार जनताको जनजिबीकालाई भन्दा ब्यापारिक घराना र प्राइभेट कम्पनीहरुको नियन्त्रणमा रमाउन थाल्दछ तब त्यो देशका अर्थतन्त्रको हालत यस्तै हुने हो । नेपालका सरकारहरुले बिचौलियाले यसरी घेरा हाल्छन् कि उसले पत्ता नै नपाई तिनीहरुकै अनुकूलताको नीति बनाउदै जान्छ । अहिले बैंक तथा वित्तीय संस्थामा ६६ खर्ब २६ अर्ब निक्षेप छ भने कर्जा लगानी ५२ खर्ब ७८ अर्ब छ । १६ महिनायता वाणिज्य बैंकहरूले मुद्दती निक्षेपमा दिने ब्याजदर नियमित रूपले घटाइरहेका छन् । २०८० भदौ महिनामा मुद्दती निक्षेपको औसत ब्याजदर १०.३२ प्रतिशत रहेकोमा त्यसयता निरन्तर घटाइरहेका बैंकहरूले २०८१ मंसिरका लागि औसत ब्याजदर ५.९९ प्रतिशत निर्धारण गरेका छन् । ब्याजदर ६ प्रतिशत हाराहारी रहेको अवस्थामा निक्षेपकर्ताले प्रायः तीन महिना अवधिका लागि मात्रै मुद्दतीमा निक्षेप राख्न थालेको बैंकरहरू बताउँछन् । अहिले मुद्दती निक्षेपमा औसतमा ६ प्रतिशत ब्याजदर दिइरहेकाले तीन महिना अवधिका लागि मात्रै मुद्दतीमा पैसा राख्ने प्रवृत्ति बढेको छ । अहिले एक वर्षभन्दा बढी अवधिको लागि मुद्दतीमा पैसा राख्ने ग्राहक नै छैनन् । यस्तो अवस्थामा गरिब देशको पूँजी पनि पलाएन हुने संभावना बढ्दो छ।

# नैतिकता र स्वतन्त्रताको मूल्य

सञ्जीव कार्की

स्वतन्त्रता सीमारहित हुँदैन । सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने स्वतन्त्रता हाम्रो अभीष्ट होइन । स्वतन्त्रता पनि उचित र अनुचितको परिभाषामा अनुबन्धित रहन्छ । अश्लील स्वतन्त्रता र सामाजिक मूल्यसहितको स्वतनत्रता पृथक् कुरा हो । हाम्रो समाज यदाकदा सीमारहित स्वतन्त्रताको पक्षधर बन्न खोज्छ त्यो ज्यादै जोखिमयुक्त स्वतन्त्रताको माग हो त्यसले स्वतन्त्रताको मानक स्थापना गर्दैन । स्वतन्त्रतालाई छाडातन्त्रसँग एकाकार गराउँछ । स्वतन्त्रताको अर्थ नेपाली बृहत् शब्दकोशमा यसरी परिभाषित गरिएको छ : 'कुनै प्रकारको शासनिक बाधा, बन्धन आदि नभई उचित कार्य र व्यवहार गर्न पाउने अधिकार; स्वातन्त्र्य ।' यसले उचित कार्य र व्यवहार गर्न पाउने अधिकार भनेर स्वतन्त्रतामा उचित शब्द पनि थपिदिएको छ । स्वतन्त्रता भनेको मनलाग्दी गर्न पाउने व्यवस्था नभएर योग्य र सुयोग्य सूचना पाउने नागरिकको हक हो । सबै सूचना र समाचार प्रसारण र प्रकाशनलायक हुँदैनन्, त्यसैले समाचार स्क्रिनिङको योग्यता र आचरण आवश्यक हुन्छ । स्वतन्त्रताको निरपेक्ष अर्थ खोज्न थालियो भने स्वतन्त्रता मर्यादाहीन र अराजक हुन्छ । स्वच्छन्दता स्वतन्त्रता होइन । बेलगाम तरिकालाई स्वतन्त्रताको अर्थ भिराइयो भने समाज जसरी आज अराजक बनेको छ, त्यसरी नै बन्दै जाने छ । पाए जति सूचना बजारमा पठाउनु स्वतन्त्रताको दुरुपयोग हुन्छ । नियमको उल्लङ्घन हुन थालेपछि नियन्त्रण र नियोजनको विषय उठ्छ र कानुन आकर्षित बन्छ, त्यसैले हाम्रो प्रेसलगायत अन्य सामाजिक सञ्जालको स्वतन्त्रता नियन्त्रण उन्मुख बन्दै छ । नियमन र निषेध दुई फरक कुरा हुन् । मर्यादित स्वतन्त्रता आजको आवश्यकता बनेको छ । प्रेस स्वतन्त्रता, व्यक्तिगत स्वतन्त्रता र पारदर्शिताको नाममा जुन हदका निकृष्ट कार्य भएका छन्, हुने गरेका छन् तिनले प्रेस स्वतन्त्रताको खिल्ली उडाएका छन् । व्यक्तिगत स्वतन्त्रतालाई पुनः परिभाषित गर्नुपर्ने बनाएका छन् ।



"वाक् स्वतन्त्रताको जति महत्त्व र अर्थ छ त्यति नै वाक् मर्यादाको पनि मूल्य र अस्तित्व छ । मूल्यहीन हुनु भनेको जथाभाबी बोल्ने र बोलेको कुराको स्वामित्व नलिने, उत्तरदायी नबन्ने कारण नै बोलीको गरिमा गिरेको र बोली अर्थहीन बन्न पुगेको हो । निर्बाध वाक् स्वतन्त्रताको माग गर्ने अधिकार सम्झनेले वाक् मर्यादाको पक्ष कहिल्यै बिर्सन नमिल्ने विषय हुन् ।"

सञ्जीव कार्की

स्वतन्त्रताको परिभाषामा अराजकता थपेका छन् । आमप्रबुद्ध मान्छेको चासो र स्वतन्त्रताको लडाइँ लडेकाहरूको चिन्ता अनि चर्चाको विषय अशिष्ट स्वतन्त्रताको विपक्षमा छ । शिष्ट मर्यादित र सापेक्षित स्वतन्त्रताको पक्षमा छ । स्वतन्त्रता सामाजिक नैतिकताको विषय हो । मानवीय, सभ्यता र शिष्ट अनुशासित समाजमा मर्यादित स्वतन्त्रताको अभ्यास गरिन्छ । वाक् स्वतन्त्रताको अर्थ, वाक् मर्यादा गुमाउनु होइन । मर्यादित स्वतन्त्रताको पक्षधर हुनु अधिकार र गौरवको विषय बन्छ । मर्यादित स्वतन्त्राभित्र पत्रकारिताका आधारभूत सिद्धान्तहरू सन्निहित रहन्छन् । शुद्धता, सन्तुलन, विश्वसनीयता, शिष्टता, नैतिकता र स्वच्छता, त्यस्तै गरी व्यक्तिगत स्वतन्त्राभित्र पनि मर्यादा, शिष्टता नैतिकता र अन्य पक्षको स्वतन्त्रता र स्वाभिमानमा आँच नपुऱ्याउने इमान वाक् स्वतन्त्रतालाई लोकतन्त्रको प्राणवायुको नामले पनि पुकारिन्छ । स्वतन्त्रताको महत्व के र कति हुन्छ त्यो स्वतन्त्रताको उपयोग गर्न नपाएका पुस्ता र विश्वमा वाक् स्वतन्त्रता खोसिएका मान्छेले व्यक्त गर्ने पीडामा व्यक्त भएको देखिन्छ । 'मेरो कलम नभाँच, मेरो बोल्ने मुख नथुन, मेरो हात गोडामा नेल नठोक भन्ने बिपी कोइरालाका समकालीन सबै कम्युनिट कांग्रेस र २०४६ सम्मको स्थिति बेहोर्ने आममान्छेलाई थाहा छ बन्धनभित्र कैद भएको स्वतन्त्रताको अर्थ ? राजा ज्ञानेन्द्र शाहले २०६१ मा सञ्चार माध्यममा गरेको निषेधको परिणति के भयो दुनियाँ जगजाहेर छ । प्रजातन्त्रको मौलिक हक हो स्वतन्त्रता । नेपालमा थुप्रै आन्दोलन भए सशस्त्र, निशस्त्र । सङ्घर्ष प्रजातान्त्रिक स्वतन्त्रता सुनिश्चित गर्नकै लागि भएका थिए । प्रेस स्वतन्त्रता, लोकतान्त्रिक व्यवस्थाको मेरुदण्ड मानिन्छ । कसैको हस्तक्षेप, नियन्त्रण र नियोजन बिनास्वतन्त्र तवरले कार्य गर्ने लेख्ने बोल्ने, सङ्घ सङ्गठन खोल्न पाउने वा निर्बाध रूपमा आफ्ना गतिविधि गर्न पाउने अवरोधरहित अवस्थाको प्रावधान हो । लोकतान्त्रिक मर्यादा मूल्य र अस्मिताको जीवन्तता र गतिशीलता वाक् स्वतन्त्रताको परिधिका रूपमा व्याख्या विश्लेषण गरिन्छ । विचार अभिव्यक्तिको स्वतन्त्रताले खुला समाजको वृद्धि र विकासमा बहुकोणबाट मद्दत पुऱ्याइरहेको पाइन्छ । विचार प्रवाह गर्ने, आफ्नो मार्गनिर्देश सम्प्रेषण गर्ने स्वतन्त्रताले नागरिकलाई बलियो बनाउन र अन्यायको विरुद्ध प्रथम प्रतिरोध गर्न बल प्रदान गर्छ । स्वतन्त्र र निष्पक्ष ढङ्गले गर्ने टिप्पणी आलोचना र विरोधले गलत प्रवृत्तिलाई सचेत गराउने, झापड लाउने र केहीहदसम्म नियन्त्रण गर्ने काम गर्छ । संवैधानिक हकका रूपमा नै सुरक्षित अभिव्यक्ति स्वतन्त्रता प्रयोग गर्न नजान्दा यसको मर्यादा उल्लङ्घन गर्दा आममान्छे नेतागण र पत्रकारलगायत बारम्बार चुकेका छन्/छौँ । आधुनिक सूचना प्रविधि र अधिकांश मान्छेको हातमा सञ्चार माध्यमका थरी थरी साधन भएकाले एक क्लिकमा कुनै पनि अभिव्यक्ति तत्क्षण विश्वव्यापीकरण गर्ने अवसर प्राप्त छ, फलतः जुनसुकै घटना पनि सामाजिक सञ्जालमा पुग्छ र तत्काल टिप्पणी प्रतिटिप्पणी हुन थाल्छ । हामी स्वतन्त्रताको नाममा जुन कुरा गरिरहेका छौँ र निर्बाध पाउने हक भन्छौँ त्यो मर्यादामाथिको उपहास हो । स्वच्छन्दता होइन स्वतन्त्रता, यसको मर्यादा, सीमा र नैतिक बन्धन सामाजिक अभ्यास पनि छन् । ब्रेक गर्ने र ब्रेकिङ न्युज बनाउने होडले, लोकप्रिय बन्ने ध्याउन्नले अभिव्यक्ति अधिकारको नाममा हामीले कर्तव्य र जिम्मेवारी बिर्सिरहेका छौँ । जान अन्जानको हतारोले विचार अभिव्यक्त गर्दा क्षण भरमै कसैको जिन्दगी बर्बाद पार्ने र सामाजिक हैसियत धुलिसात पारिदिने कामसमेत भएका छन् । गलत सन्देश प्रवाह गर्दा र कतिपय संवेदनशील विषयका सन्देश प्रकाशन गर्दा पर्ने दीर्घकालीन असरलाई, व्यक्तिगत चरित्र हत्यालाई संवैधानिक बन्दोबस्तीको आडमा बचाउन सकिन्न । त्यसैले सचेतता अत्यन्तै जरूरी हुन्छ । लोकतन्त्र बलियो बनाउन हरेक विषयमा जनमतको छलफलले दिने राय, सचेत खबरदारी अनि अभिमतको खाँचो र पारदर्शिता हुन्छ तर सबै विषयमा पारदर्शिताको माग गर्दै स्वतन्त्रताको कुरा गर्नु कर्तव्यप्रति आँखा चिम्लनु हो । स्वच्छ आलोचना, स्वस्थ निर्देशन र सैद्धान्तिक टिप्पणी, सैद्धान्तिक प्रतिटिप्पणीले सरकारी नीतिहरू दिशाहीन बन्दैनन्, प्रवृत्तिगत आलोचनाले व्यक्तिको मान मर्दन हुँदैन । वाक् तथा अभिव्यक्ति स्वतन्त्रता आजको समाजको अभिन्न पक्ष हो । पृथक् पृथक् विचार सैद्धान्तिक मान्यता, दर्शन अनि व्यवहार भएको बहुल समाजमा सबैको एकै विचार मान्यता र विश्वास पाइन्न, त्यसैले कतिपय अभिव्यक्ति अलि असहज र अस्वाभाविक तवरका साथ आउँछन् । दमनको हतियारले तह लगाउने नभएर उत्कृष्ट नैतिक दबाबसहित मर्यादा र सीमामा बसेर प्रतिरोध गर्नु पर्छ । लोकतन्त्रको आधारभूत तत्व अभिव्यक्ति स्वतन्त्रताको सुनिश्चितता नै हो तर यो मर्यादित, अनुशासित र अनुकरणीय हुनु पर्छ । वाक् स्वतन्त्रता मर्यादासहितको विशिष्ट संस्कृति पनि हो । नैतिक र जवाफदेही स्वतन्त्रताले मात्रै लोकतन्त्र मजबुत हुन्छ।

*बाँकी ३ पेजमा...*

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरून्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरूद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

पलाँता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पलाँता, कालीकोट

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरून्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरूद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

बुढीगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुल्देवमाण्डौ, बाजुरा

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरून्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरूद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

अदानचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
श्रीनगर, हुम्ला

# करारमा कर्मचारी नियुक्ति गर्दा एक करोड खर्च

नमस्ते समचारदाता
दैलेख, मंसिर/०१



स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८० को (८) मा नगर प्रहरी, सवारीचालक, बगैँचे, प्लम्बरलगायतका पद तथा सेवाबाहेक करारमा अन्य कर्मचारी नियुक्त गर्न पाइने व्यवस्था छैन । स्थानीय सरकारले आफन्तलाई जागिर खुवाउने नाममा करारका कर्मचारी नियुक्त गरी लाखौं रकम सिध्याउने गरेको पाइएको छ । जिल्लाको चामुण्डाबिन्द्रासैनी नगरपालिकाले नौ पदमा ३६ जना करार कर्मचारी नियुक्त गरी तलब तथा भत्ताबापत ७१ लाख ५४ हजार २४० रुपियाँ खर्च गरेको छ । स्थानीय सरकार सञ्चालन ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने काम बन्द गरी नियमित भएको प्रमाण पेस गर्नुपर्ने महालेखाको प्रतिवेदनमा उल्लेख छ । त्यस्तै आठबिस नगरपालिकाले करार कर्मचारी नियुक्त गरी ७९ लाख ७७ हजार ८८० रुपियाँ खर्च गरेको छ । स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणका आधारमा स्थायी प्रकृतिका कामका लागि तथा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने प्रावधान भए पनि कार्यबोझको विश्लेषण नगरी उक्त रकम तलब तथा भत्तामा खर्च गरेको महालेखाले सो रकमलाई अनियमित भएको प्रतिवेदनमा उल्लेख गरेको छ । दुल्लु नगरपालिकाले पनि आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण नगरी एक करोड रुपियाँ करार कर्मचारी राखी खर्च गरेको पाइएको छ । नगरपालिकाले दुल्लु नगरपालिका र विभिन्न वडालगायत सरकारी कार्यालयमा १०७ जना करार कर्मचारी राखेर तीन करोड ८३ लाख ५८ हजार रुपियाँ खर्च गरेको छ । नगरपालिकाले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्रसंख्या २०७४ चैत १३ गतेको परिपत्रको बुँदा नं. ४ मा साबिकमा उत्कृष्ट कार्यसम्पादन गरेका सामाजिक परिचालकलाई सेवा करारमा काम गर्न नआएमा नयाँ व्यक्तिलाई कार्यालय सहायक वा सामाजिक परिचालकका रूपमा नियुक्त नगर्ने भनिएको छ । २०७५ असार मसान्तपश्चात् सामाजिक परिचालकका लागि कुनै केन्द्रीय दायित्व नरहने र स्वीकृत दरबन्दीबाहेकका अन्य कर्मचारीलाई करारमा लिने कार्य गाउँ सभाबाट निर्णय गराएर कार्य गर्न नमिल्ने रहेको भए पनि दुल्लु नगरपालिकाले ११ जना सामाजिक परिचालकलाई मासिक २३ हजारका दरले ३० लाख ३६ हजार रुपियाँ खर्च गरेको भन्दै उक्त रकमसमेत अनियमित भएको उल्लेख छ । त्यस्तै आठबिस नगरपालिकाले विभिन्न पदमा करार कर्मचारी नियुक्त गरी ७९ लाख ७७ हजार ८८० रुपियाँ खर्च गरेको छ । कार्यबोझको विश्लेषण नगरी करार कर्मचारी नियुक्त गरी लाखौं रकम खर्च गरेको भन्दै महालेखाले उक्त रकमलाई अनियमित भएको निष्कर्ष निकालेको छ । जिल्लाको ठाटीकाँध गाउँपालिकाले नौ पदका लागि २५ जना करारमा कर्मचारी नियुक्त गरी ७७ लाख ६९ हजार ७७ रुपियाँ खर्च गरेको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तर दायित्व ऐन २०७६ को दफा २४ को उपदफा २ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उचित प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तरसमेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गरी आन्तरिक नियन्त्रणको समेत व्यवस्था भए पनि पालन गरिएको छैन । गाउँपालिकाले पूर्ण सरसफाइ, वन संरक्षण कार्यक्रमको नाम दिई दैनिक छ सयका दरले डोर हाजिर लगाएर २४ लाख ७४५ रुपियाँ, वनस्रोत व्यक्ति करारमा नियुक्त गरी मासिक ३४ हजार ७३० रुपियाँ र आठ जना असई नियुक्त गरी १४ लाख ८४ हजार ८२३ रुपियाँ खर्च गरेको छ । भैरवी गाउँपालिकाले ६३ जना करारमा नियुक्त गरी एक करोड ४२ लाख २६ हजार रुपियाँ खर्च गरेको छ । पालिकाले पुल हेरालु र खानेपानीको मुहान हेरालु राखेर अनावश्यक खर्च गरेको छ । महाबु गाउँपालिकाले आफ्नो अधिकार र कार्यबोझको विश्लेषण नगरी ६७ जना सेवा करारमा कर्मचारी नियुक्त गरी दुई करोड १२ लाख १८ हजार रुपियाँ खर्च गरेको छ । गाउँपालिकाले सामाजिक परिचालकलाई राख्न नपाइने सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्रलाई समेत लत्याउँदै एक जना सामाजिक परिचालक नियुक्त गरी दुई लाख ७१ हजार ६६६ रुपियाँ खर्च गरेको छ । जिल्लाको नारायण नगरपालिकाले ९४ जना करार कर्मचारी नियुक्त गरी दुई करोड ९० लाख १० हजार रुपियाँ खर्च गरेको छ । डुङ्गेश्वर गाउँपालिकाले ५५ लाख, भगवतीमाई गाउँपालिकाले विभिन्न सेवा समूहमा ३५ जना नियुक्त गरी ९९ लाख ८७ हजार, नौमूले गाउँपालिकाले सात पदमा ३८ जना कर्मचारी नियुक्त गरी एक करोड २० लाख ९८ हजार ९४५, गुराँस गाउँपालिकाले ५१ जना करार कर्मचारी नियुक्त गरी एक करोड २६ लाख ३१ हजार ६२९ रुपियाँ खर्च गरेको छ ।

# अर्थिङ्ग टावर स्थापनाको माग गर्दै मन्त्रीलाई ज्ञापनपत्र

नमस्ते समचारदाता
प्युठान, मंसिर/०१



जिल्लाको गौमुखी गाउँपालिका क्षेत्रमा चट्याङको जोखिम कम गर्न सार्वजनिक स्थलमा अर्थिङ्ग टावर स्थापनाको माग राखिएको छ । विगतका वर्षमा चट्याङका कारण मानवीय र पशुचौयामा क्षति व्यहोर्नु परेको भन्दै सार्वजनिक स्थलमा अर्थिङ्ग टावर स्थापना गर्न माग राखिएको हो । पच्चीस वर्ष भित्र एउटै बस्तीका छ जना व्यक्तिको चट्याङले ज्यान लिएको स्थानीय ज्ञामुराम न्यौपानेले बताउनुभयो । गौमुखी -५ खुङको राँगाकाट्नेदेखि माझिली गोठाक्नासम्मको सानो क्षेत्र जोखिम क्षेत्र बनेको उहाँले बताउनुभयो । चट्याङबाट बच्ने अनेकन् प्रविधिको विकास भइरहेको अवस्थामा कसरी बस्तीलाई सुरक्षित बनाउने विषयमा सोच्नुपर्ने उहाँको भनाइ छ । मदाने-१ देखि गौमुखी-७ जोड्ने सडक स्तरोन्नतिको माग राखिएको छ । यस्तै सुन्तला, एबोकार्डो र दाते ओखर खेती प्रवर्द्धन गर्नुपर्ने, ठुलावेसिमा कृषि सङ्कलन केन्द्र भवन बनाउन माग राखिएको हो । गौमुखी गाउँपालिका-५ ठूलावेसीका अध्यक्ष बरुणध्वज मल्लले लुम्बिनी प्रदेश सरकार भौतिक पूर्वाधार विकास मन्त्री भूमिश्वर ढकाल र कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्री दिनेश पन्थीलाई ज्ञापनपत्र बुझाउनुभएको हो । गुल्मी जिल्लामा पक्की पुलको शिलान्यास गर्न जाने क्रममा मन्त्री ढकाल र पन्थीलाई ज्ञापनपत्र बुझाउनुभएको हो । मन्त्री ढकालले मागहरू सम्बोधन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

## आज...

काठमाडौँको कीर्तिपुर नगरपालिका वडा नं १ र ४, काठमाडौँ महानगरपालिका वडा नं १६, नुवाकोटको ककनी गाउँपालिकाडा नं २, मकवानपुरको हेटौँडा नगरपालिका वडा नं १२, गोरखाको गोरखा नगरपालिका वडा नं ५, गुल्मीको मुसिकोट नगरपालिका वडा नं १, रोल्पाको रुन्टीगढी गाउँपालिका वडा नं ४, बर्दियाको ठाकुरबाबा नगरपालिका वडा नं ४, रुकुम (पूर्वी) पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं २ र कपिलवस्तु शुद्धोधन गाउँपालिका वडा नं १ का वडाध्यक्ष पदमा निर्वाचन हुने आयोगका सूचना अधिकृत सुमन घिमिरेले जानकारी दिए । दैलेखको दुल्लु नगरपालिका वडा नं १३, कालिकोटको तिलागुफा नगरपालिका वडा नं ४, जाजरकोट कुशे गाउँपालिका वडा नं ७, डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका वडा नं ५, रुकुम (पश्चिम) सानीभेरी गाउँपालिका वडा नं ५, बझाङको सुर्मा गाउँपालिका वडा नं ४, डोटीको पूर्वीचौकी गाउँपालिका वडा नं ६, दार्चुलाको दुहुँ गाउँपालिका वडा नं ५ र कञ्चनपुरको भीमदत्त नगरपालिका वडा नं ६ का वडाध्यक्ष पदका लागि निर्वाचन हुनेछ । स्थानीय तह निर्वाचन ऐन, २०७३ मा जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख, गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, नगरपालिका प्रमुख, उपप्रमुख र वडाध्यक्षको पदावधि समाप्त नहुँदै निजको पद कुनै कारणले रिक्त भएमा र एक वर्षभन्दा बढी पदावधि बाँकी रहेको अवस्थामा बाँकी अवधिका लागि उपनिर्वाचन द्वारा पदपूर्ति हुने व्यवस्था छ । सोही प्रावधान अनुसार नै मंसिर १६ गते उपनिर्वाचन हुन लागेको हो ।

## संविधान...

गठबन्धन भत्किने कुराहरु आमसंचारका माध्यमबाट सुन्ने गरेको भन्दै उहाँले त्यस्तो नहुने बताउनुभयो । मुस्कुराउँदै सभापति देउवाले भन्नुभयो, प्रेसबाट गठबन्धन फुट्ने कुराहरु मैले पनि सुन्छु । प्रेसमा मात्रै छ । अरु कही छैन । यो गठबन्धन २०८४ सम्मै जान्छ ? भन्ने पत्रकारहरुको प्रश्नमा उहाँले भन्नुभयो, दुई वर्ष एमालेको नेतृत्वमा ओलीजीको सरकार हो । त्यस पछि नेपाली काँग्रेस । मेरो नेतृत्वमा सरकार बन्ने लिखित सहमती भएको छ । १८ महिनाको सरकार कांग्रेसको नेतृत्वमा बन्ने उहाँले बताउनुभयो । वर्तमान सरकारले राजनीतिक प्रतिशोधले सहकारी ठगीका रुपमा कसैलाई थुन्यो भन्नु गलत भएको उहाँले बताउनुभयो । हाम्रा साथीहरुलाई पनि प्रहरीले नियन्त्रणमा लिइरहेको छ । बयानहरु लिइरहेको छ । उहाँले भन्नुभयो, यसमा कुनै राजनीतिक प्रतिशोध छैन । प्रहरीले कानूनबमोजिम काम गरिरहेको छ । शिवशिखर सहकालीले डडेल्धुरामा ४२ करोड रकम हिनामिना गरेको सवालमा उहाँले हाम्रो जिल्लामा सहकारीले सबभन्दा बढी बदमासी गरेको उल्लेख गर्नुभयो । सहकारीको ठगी रकम बचतकर्ताले पाउने उहाँको भनाई छ । सहकारीका संचालक, ठगी गर्नेहरुलाई पक्राउ गरेर सम्पत्ति जफतगरी बचतकर्ताको रकम फिर्ता गरिने उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, ‘‘निर्माण व्यवसायीले रकम नपाएको सवालमा उहाँले गरेको कामको पैसा पाइने बताउनुभयो । गरेको कामको पैसा पाइन्छ । नगरेको कामको पैसा ल्याउ भने कहाँबाट पाइन्छ ।’’ चुनावका बेला मात्रै गृह जिल्लामा आउनु हुन्छ भन्ने गुनासो व्यापक हुने गरेको छ नि ? भन्ने प्रश्नमा सभापति देउवाले बेला बेला आउने गरेको र त्यो बेकारको हल्ला भएको बताउनुभयो । अहिले सातवटै पालिकाहरु पुगेको जानकारी गराउँदै उहाँले योजना बनाई दिनु परो भनी जनताले मागहरु ल्याउने गरेको बताउनुभयो । जनताका आकांक्षा धेरै छन, योजनाका मागहरु ल्याएर जनता भेट्न आउने उहाँले बताउनुभयो । जनताका माग अनुसार आफूले काम गरिरहेको र सबैले माया गर्ने उहाँले बताउनुभयो ।

# लवाङ्गी पूजा तथा थारु सांस्कृतिक महोत्सव हुने

नमस्ते समचारदाता
कैलाली, मंसिर/०१




कैलालीको घोडाघोडीमा लवाङ्गी पूजा तथा थारु सांस्कृतिक महोत्सव हुने भएको छ । घोडाघोडी नगरपालिका १ घोडाघोडी मन्दिरमा यस वर्ष विवाहपञ्चमीका अवसरमा थारु समुदायको विशेष “लवाङ्गी पूजा तथा थारु सांस्कृतिक महोत्सव २०८१” हुने भएको हो । “हमार संस्कृति हमार पहिचान, संस्कृति जगेर्ना करना हमार अभियान” भन्ने मुख्य नाराका साथ आयोजित महोत्सव मंसिर १९ देखि २१ गतेसम्म आयोजना हुनेछ । थारु समुदायले वर्षौंदेखि आफ्ना परम्परागत चाडपर्वअनुसार बाली घरमा भित्र्याउने बेलामा पहिले देवतालाई चढाएर मात्र उपभोग गर्ने परम्परा पालन गर्दै आएको छ । नियमित रूपमा घोडाघोडी मन्दिरमा विवाह पञ्चमीको दिन मनाइँदै आएको लवाङ्गी पूजा यस पटक पनि विशेष सांस्कृतिक उत्सवका रूपमा आयोजना गरिन लागेको हो । महोत्सवको तयारीबारे जानकारी दिन आयोजित पत्रकार सम्मेलनमा मूल आयोजक समितिका संयोजक बुधराम चौधरीले यस पर्वले थारु समुदायको धार्मिक तथा सांस्कृतिक पहिचानलाई सुदृढ गर्न, युवापुस्तामा हस्तान्तरण गर्न र कला-संस्कृतिको संरक्षणमा योगदान गर्ने उद्देश्य रहेको बताउनुभयो । महोत्सवमा कैलाली, कञ्चनपुर, बर्दिया, बाँके र दाङलगायतका जिल्लाबाट थारु समुदायका भक्तजनको उपस्थिति हुने अनुमान गरिएको छ । थारु समुदायमा विशेष रूपमा प्रचलित बर्का नाच, सखिया नाच, मुग्रहुवा नाच, कठघोरी नाच लगायतका नृत्य प्रस्तुति तथा थारु कलाकारको विशेष प्रस्तुति रहनेछ । सन्त समागम समाजका अध्यक्ष कप्तान चौधरीका अनुसार १ सय ७३ गाउँका भलमन्सा, गुरुवा र चिराकीहरूको सहभागिताले महोत्सवलाई अझ व्यवस्थित बनाउन सहयोग पुग्ने जनाएको छ । घोडाघोडी काललाई विश्व रामसार सूचीमा सूचीकृत गरिएको हुँदा यस महोत्सवले तालको संरक्षण, सदुपयोग र अन्तर्राष्ट्रिय प्रचार प्रसारका लागि थप सन्देश दिन सहयोग गर्ने उद्देश्य रहेको छ ।

धुम्रपान तथा सुर्तीजन्य पदार्थ सेवनका असर

- दम, निमोनिया, ब्रोन्काईटिसजस्ता श्वासप्रश्वाससम्बन्धी समस्या देखा पर्ने,
- बारम्बार रुघाखोकी लाग्ने,
- कानको संक्रमण भई श्रवण शक्ति कम हुने,
- क्यान्सरको सम्भावना बढ्ने भएकोले,

धुम्रपान तथा सुर्तीजन्य पदार्थको सेवन आफू पनि नगरौं, अरुलाई पनि गर्नबाट निरुत्साहित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# यातायात कार्यालय कोहलपुर सर्दैछ भन्नु हल्ला मात्र हो : मन्त्री न्यौपाने

नमस्ते समचारदाता
नेपालगन्ज, मंसिर/०१



लुम्बिनी प्रदेश सरकारका उद्योग, पर्यटन तथा यातायात मन्त्री प्रचण्ड विक्रम न्यौपानेले नेपालगन्जबाट यातायात कार्यालय सर्न लागेको भन्ने कुरा हल्ला मात्र भएको बताएका छन् । नेपालगन्ज उपमहानगर पालिकामा भएको एक छलफलका क्रममा मन्त्री न्यौपानेले नेपालगन्जमा रहेको यातायात कार्यालय कोहलपुर गर्दैछ भन्ने कुरा हल्ला मात्र रहेको जानकारी गराए । नेपालगञ्जमा रहेको कार्यालय सर्न लागेको नभै कोहलपुरमा सेवा कार्यालय विस्तार गर्न लागिएको बताए । मन्त्री न्यौपानेले भने, 'यो हल्ला कसरी आयो मलाई थाहा छैन । मलाई धेरैले फोन गर्नुभएको छ । सरकारी स्तरबाट कहीँ कतै नेपालगन्जबाट कार्यालय सार्ने बारेमा निर्णय भएको छैन । बरु नेपालगन्जको कार्यालयलाई अहिले सहज हुने ठाउँमा सार्नु पर्छ भन्ने हो ।' कोहलपुरमा सेवा कार्यालय विस्तार गरेर राजमार्ग क्षेत्रमा सवारीसाधन नवीकरण, राजस्व तिर्नका लागि सेवाग्राहीलाई सहज होस भनेर सेवा कार्यालय खोल्नमा सहयोग गर्ने तयारी भएको मन्त्री न्यौपानेले बताए । नेपालगन्जको कार्यालय आम नागरिकका लागि सहज ठाउँमा नभएको भन्दै विरोध हुँदै आएको छ । यातायात कार्यालयका प्रमुखले नै राजनीतिक प्रभाव र आर्थिक लोभमा परेर यातायात कार्यालयलाई जनताको पायक नपर्ने ठाउँमा सारेको स्थानीयहरूले नै बताउँदै आएको गुनासो गरेका छन् । छलफलका क्रममा नेपालगन्ज उपमहानगर पालिकाका मेयर प्रशान्त विष्टले यातायात कार्यालयका लागि जग्गा उपलब्ध गराउनलाई कार्यदल बनाएर काम गर्ने बताए । नगर प्रमुख बिष्टले भने, 'हामी छिटै उपयुक्त ठाउँ खोजेर यातायात कार्यालयलाई आवश्यक पर्ने जग्गा उपलब्ध गराउनेछौँ । बाँकेको नेपालगन्ज बाट यातायात कार्यालय सार्ने कुरा कदापि राम्रो होइन । बरु अन्य ठाउँमा सेवा विस्तार हुनु राम्रो हो । त्यसमा हाम्रो कुनै आपत्ति छैन ।'

# पुर्खाको सिप छोडेर भारततर्फ जानेको लर्को

नमस्ते समचारदाता
बैतडी, मंसिर/०१



पूर्ख्यौली पेसाले उद्योगको रूप लिन नसकेपछि छालाका जुत्ता बनाउने सार्की समुदायका युवा हातमुख जोर्नकै लागि भारततर्फ पलायन हुन थालेका छन् । पछिल्लो समय अधिकांश युवा परिवारका सदस्य र बालबच्चा बोकेर भारततर्फ हिँडेपछि विद्यालयमा विद्यार्थी संख्या समेत घट्न थालेको छ । दोगडाकेदार गाउँपालिका-५, न्वाली, वनकाँडा र गोबडा गाउँमा १५० घरघुरीभन्दा बढी सार्की समुदायको बसोबास रहे पनि बेरोजगारीले गर्दा गाउँका सबै भारत तिर लाग्दा गाउँ रित्तिन थालेको छ । शतप्रतिशत घरधुरीका युवा रोजगारीका लागि भारत हिँडेपछि गाउँमा मलामी जाने युवा पाउनसमेत मुस्किल हुन थालेको छ । पछिल्लो समय बालबच्चा सहित भारत जानेको संख्या बढेपछि स्थानीय खोदमनाथ आधारभूत विद्यालयमा ११० जनाबाट विद्यार्थी संख्या घटेर ७० मा झरेको विद्यालयका शिक्षक करवीरराम सार्कीले बताए । बस्ती रित्तिएको सूचकका रूपमा घट्दोक्रममा रहेको विद्यार्थी संख्या हेर्दा थाहा हुने उनले जानकारी गराए । दोगडाकेदारको न्वाली, वनकाँडा र गोबडा गाउँ जिल्लामै सार्की समुदायको बाक्लो बस्तीका रूपमा चिनिन्छ । यहाँ परम्परागत रूपमा हातबाटै छालाको जुत्ता बनाउने सिपालु मानिस थिए । नयाँ पुस्ताले छाला जुत्ताको काम छाडिसकेका छन् । आफ्नो अनुभव सुनाउँदै शिक्षक करवीर रामले भने, "छाला सुकाउनेदेखि प्रशोधन गरेर जुत्ता तयार गर्न एकदेखि डेढ महिना लाग्छ । छाला रङ्ग्याउन मौवाको रुखको बोक्रा, धुङ्यो, गाईको सुकेको गोबर र चुनढुङ्गा पिसेर एक हप्तासम्म पानीमा भिजाइन्छ । यी सबै काम हातबाटै गर्नु पर्दा एक जोर जुत्ता तयार गर्दा एकदेखि डेढ महिना लाग्छ । श्रम अनुसार ज्याला पाइन छाडेपछि नयाँ पुस्ताले छालाको काम सिक्न छाडेर विदेश पलायन हुँदा अहिले पुर्ख्यौली सिप लोप हुने अवस्थामा पुगेको छ ।" दोगडाकेदार गाउँपालिकामा कृषि मल बन्ने फस्फोरसको खानी पत्ता लागे पनि उद्योग सञ्चालन नहुँदा अलपत्र परेको छ । चार वर्षअघि दोगडाकेदार गाउँपालिका-३, बसौरामा फस्फोरस खानी पत्ता लगाएर भूगर्भविद् कुमार खड्का नेतृत्वको टोली फर्किएको थियो । खानीमा ५५ दिनसम्म ड्रिल गर्ने काम सकेर टोली फर्किएको थियो । टोलीले खानीमा २० देखि ३० प्रतिशत डिपिए मल बन्ने तत्व भेटिएको औंल्याएको छ । डिपिए मलमा ४६ प्रतिशत फस्फोरस र १८ प्रतिशत नाइट्रोजन तत्व मिसाएर डिपिए मल तयार हुने भएकोले फस्फोरसको खानी भेटिनु देशकै लागि ठुलो खुसीको कुरा भएको दोगडाकेदार गाउँपालिकाका अध्यक्ष चक्र कार्कीले बताए । खानी सञ्चालनका लागि सरकारीस्तरबाटै पहल नहुँदा उद्योग सञ्चालन नभएको उनको दाबी छ । जिल्लामा उद्योगधन्दा र उपलब्ध खानी सञ्चालन नहुँदा रोजगारी खोज्न ठुलो संख्यामा युवा विदेश पलायन हुँदै आएका छन् । कामको खोजीमा भारतको नयाँ दिल्ली पुग्नुभएका सिगास गाउँपालिका-१ का लालबहादुर ऐरीले स्वदेशमा कुनै काम नपाउँदा कैलालीको गौरीफन्टा नाकाबाट बिदेसिनु परेको बताए । दसैँतिहार मान्न गाउँ आएका अधिकांश युवा कैलालीको गौरीफन्टा, कञ्चनपुरको वनबासा र बैतडीको झुलाघाट नाका भएर भारत गएका छन् ।

# दाङमा नदीजन्य पदार्थ उत्खननका लागि चुरे समितिलाई सिफारिस

नमस्ते समचारदाता
दाङ, मंसिर/०१



दाङमा नदीजन्य पदार्थ उत्खननका लागि ३१ स्थानमा सिफारिस गरिएको छ । जिल्ला अनुगमन समितिले बबई गाउँपालिका, शान्तिनगर गाउँपालिका, दङ्गीशरण गाउँपालिका र गढवा गाउँपालिकामा रहेका विभिन्न ३१ घाटको स्थलगत अनुगमन गरी नदीजन्य पदार्थ उत्खननका लागि राष्ट्रपति चुरे तराई मधेश विकास समितिलाई सिफारिस गरेको हो । नदीजन्य पदार्थ उत्खननका लागि सम्बन्धित पालिकाले घाटहरूमा प्रारम्भिक वातावरण अध्ययन प्रतिवेदन (आइइई) स्वीकृतिको काम गरिसकेकाले अनुगमन गरी सिफारिस गरिएको जिल्ला समन्वय समितिका संयोजक समेत रहेका नित्यानन्द शर्माले जानकारी गराए । तोकिएको परिमाण र मापदण्डमा रहेर उत्खननका लागि चुरेमा सिफारिस गरिरहेको भन्दै जिल्ला अनुगमन समितिका संयोजक शर्माले भने, 'राष्ट्रपति चुरे तराई मधेश विकास समितिले उत्खननका लागि पालिकालाई अन्तिम स्वीकृति दिएपछि पालिकाले उत्खनन गर्न पाउने छन् । अनुगमन समितिले आइइई स्वीकृति प्राप्त घाटहरूको स्थलगत अनुगमन गरी उपयुक्त स्थानमा तोकिएको मापदण्डमा उत्खनन गर्न र विकास निर्माणलाई सहज बनाउन सिफारिस गरिएको संयोजक शर्माले बताए । अघिल्ला वर्ष अनुगमन र ठेक्का प्रक्रियामा केही ढिलाइ भएकाले यो वर्ष समयमै ठेक्का लगाउन अनुगमनको काम सुरु गरिएको शर्माले जानकारी गराउँदै चुरेबाट स्वीकृति प्राप्त भएसँगै स्थानीय पालिकाले ती घाटबाट नदीजन्य पदार्थ आफैँ घाटगद्दी गरेर बिक्री गर्ने वा ठेक्का प्रक्रियामा जाने बताए । दाङका सबै पालिका चुरे क्षेत्रमा पर्ने भएकाले नदीजन्य पदार्थ उत्खननका लागि अनुगमन समितिले स्थलगत अनुगमन गरेर चुरेमा सिफारिस गरेपछि मात्र चुरेले उत्खननका लागि अन्तिम स्वीकृति दिने गरेको छ । अनुगमन समितिले चुरेमा बबई गाउँपालिका-७ का बबई नदीको कालीतारा घाट, बेलासपुर घाट, ओदाले घाट, बबई-५ स्थित जलुके घाट, हुरुम घाट, मकैतारा ट्वाङ खोलाघाट, मकै दोभानघाट र बबई गाउँपालिका-६ स्थित टिकुलीगैरा क्षेत्र घाट र बबई गाउँपालिका-१ स्थित बबई नदीको कल्लेरी दोभान घाट रहेका छन् । त्यसै गरी शान्तिनगर गाउँपालिका-७ स्थित बबई खोलाको गैरा तिलवारी घाट, शान्तिनगर-६ स्थित बबई नदीको डाँडा तिलवारी घाट, बौलाहाखोलाको कार्वाङ घाट, दङ्गीशरण गाउँपालिका अन्तर्गत पातुखोला, मायाखोला, बबई नदी, चिराघाटलगायतका विभिन्न सात स्थानमा उत्खननका लागि सिफारिस गरिएको समितिले जनाएको छ । जिल्ला अनुगमन समितिले कार्यपालिकाबाट स्वीकृत भएको आइइई प्रतिवेदनमा तोकिएको सर्त तथा नदीजन्य ढुङ्गा, गिट्टी, बालुवा उत्खनन बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७७ लगायत प्रचलित कानुन र मापदण्डको अधीनमा रही गढवाका विभिन्न घाटमा उत्खननका लागि चुरेमा सिफारिस गरेको छ । यसरी सिफारिस गरिएका घाटमा गढवा गाउँपालिकाको राप्ती नदी क्षेत्रमा बडहरा घाटका चार वटा क्षेत्र, र तनपुर घाट, खड्गपुर घाटका दुई क्षेत्र, धरमपुर घाटका दुई क्षेत्र, झार बैरा घाटका दुई क्षेत्र छन् । राजपुर गाउँपालिका, राप्ती गाउँपालिका, बङ्गलाचुली गाउँपालिका, घोराही उपमहानगरपालिका र तुलसीपुर उपमहानगरपालिकामा नदीजन्य पदार्थ उत्खननका लागि अनुगमन हुन बाँकी रहेको जिल्ला अनुगमन समितिले जनाएको छ । अघिल्लो वर्ष सिफारिस भएका अधिकांश घाटमा ठेक्का लाग्न नसक्दा लक्ष्य अनुसारको राजस्व उठन सकेको थिएन ।

# संविधान संशोधन गर्ने सहमति भएको छ : सभापति देउवा




नमस्ते समचारदाता
डडेलधुरा, मंसिर/०१

पूर्व प्रधमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले राष्ट्रलाई फाइदा हुने काम गर्न संविधान संसोधन गर्ने सत्ता साझेदार एमालेसँग सहमती भएको बताउनु भएको छ । गृह जिल्ला डडेल्धुरामा रहनु भएकाले देउवासंग नेपाल प्रेस युनियन डडेल्धुराले आयोजना गरेको पत्रकार सम्मेलनमा उहाँले आवश्यक नभई नहुने कुराहरु गर्न संविधान संशोधन गर्ने सहमति भएको बताउनुभयो । राष्ट्रलाई फाइदा हुने काम गर्न संविधान संशोधन गर्न दुई दल तयार रहेको र अरु दलहरुलाई समेटिने सभापति देउवाले बताउनुभयो । दुई तिहाई पुगाउन अरु दलहरुलाई पनि समेटर संविधान संशोधन गर्न सहमति भएकाले उहाँको भनाइ छ । देश भर पूर्वाधारहरु बनिसकेका छैनन् । उहाँले भन्नुभयो, ठाउँठाउँमा सडकहरु बनाउन अझै बाँकी छ । सिंचाईको व्यवस्था, बिजुली पुगेको छैन । आवश्यक भौतिक पूर्वाधारका संरचनाहरु निर्माण गर्न दुई पार्टी बिच सहमती भएको उहाँले बताउनु भयो । सरकार यसमा लागिरहेको छ, धेरै कुराहरु अगाडि बढेको र धेरै कुराहरु अगाडि बढ्दै गएको उहाँले बताउनु भयो । समस्या सबैतिर भएको उल्लेख गर्दै उहाँले प्रधानमन्त्री केपी ओलीले राम्रोसँग सरकार संचालन गरिरहेको उहाँले बताउनुभयो ।

बाँकी ३ पेजमा...

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके